# PAPER-II
# NEPALI

**Signature and Name of Invigilator**

1. (Signature) ______________________
   (Name) ______________________
2. (Signature) ______________________
   (Name) ______________________

OMR Sheet No. : ...............................................
(To be filled by the Candidate)

Roll No. | | | | | | | | |
(In figures as per admission card)

Roll No.________________________________
(In words)

**D 3 4 1 0**

Time : **1 1/4** hours] [Maximum Marks : **100**

Number of Pages in this Booklet : **8** | Number of Questions in this Booklet : **50**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of fifty multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (A), (B), (C) and (D). You have to darken the oval as indicated below on the correct response against each item.
   **Example :** (A) (B) ● (D)
   where (C) is the correct response.
5. Your responses to the items are to be indicated in the **Answer Sheet given inside the Paper I Booklet only.** If you mark at any place other than in the ovals in the Answer Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your name or put any mark on any part of the test booklet, except for the space allotted for the relevant entries, which may disclose your identity, you will render yourself liable to disqualification.
9. You have to return the test question booklet and OMR Answer sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. पहले पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए ।
2. इस प्रश्न-पत्र में पचास बहुविकल्पीय प्रश्न हैं ।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी । पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए उसके कवर पेज पर लगी कागज की सील को फाड़ लें । खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें ।
   (ii) कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं । दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें । इसके लिए आपको पाँच मिनट दिये जायेंगे । उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा ।
   (iii) इस जाँच के बाद OMR पत्रक की क्रम संख्या इस प्रश्न-पुस्तिका पर अंकित कर दें ।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (A), (B), (C) तथा (D) दिये गये हैं । आपको सही उत्तर के दीर्घवृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है ।
   उदाहरण : (A) (B) ● (D)
   जबकि (C) सही उत्तर है ।
5. प्रश्नों के उत्तर केवल प्रश्न पत्र I के अन्दर दिये गये उत्तर-पत्रक पर ही अंकित करने हैं । यदि आप उत्तर पत्रक पर दिये गये दीर्घवृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा ।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें ।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें ।
8. यदि आप उत्तर-पुस्तिका पर अपना नाम या ऐसा कोई भी निशान जिससे आपकी पहचान हो सके, किसी भी भाग पर दर्शाते या अंकित करते हैं तो परीक्षा के लिये अयोग्य घोषित कर दिये जायेंगे ।
9. आपको परीक्षा समाप्त होने पर प्रश्न-पुस्तिका एवं OMR उत्तर-पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें ।
10. केवल नीले/काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें ।
11. किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है ।
12. गलत उत्तरों के लिए कोई अंक काटे नहीं जाएँगे ।

## NEPALI
## नेपाली
### Paper – II
### प्रश्नपत्र – II

**Note :** This paper contains **fifty (50)** objective type questions, each question carrying **two (2)** marks. Attempt **all** the questions.

द्रष्टव्य : यस प्रश्नपत्रमा **पचासवटा (50)** बहुविकल्पी प्रश्न छन् । प्रत्येक प्रश्न **दुई (2)** अङ्कका छन् । सबै प्रश्नको उत्तर अनिवार्य छ ।

**1.** 'कविलाई म सौन्दर्यको पूजारी ठान्छु, नैतिकताको छहरा ठान्छु, आदर्शताको दर्पण ठान्छु ।' – यो भनाइ कसको हो ?

(A) तारानाथ शर्मा ।

(B) रामलाल अधिकारी ।

(C) लक्ष्मीप्रसाद देवकोटा ।

(D) रामकृष्ण शर्मा ।

**2.** वाक्यमा क्रियापदले कर्त्ता, कर्म र भावमध्ये जसलाई मुख्य गरी बुझाएको छ त्यसलाई के भनिन्छ ?

(A) अर्थ । (B) वाच्य ।

(C) पक्ष । (D) पुरुष ।

**3.** सकर्मक वा अकर्मक क्रियापद भएका वाक्यमा अर्थ प्रस्ट पार्न प्रयोग गरिने पदलाई के भनिन्छ ?

(A) सहायक क्रियापद ।

(B) पूरक पद ।

(C) संयुक्त क्रियापद ।

(D) आख्यात ।

**4.** नेपालीका 'ऐ', 'औ' कस्ता वर्ण हुन् ?

(A) प्राथमिक स्वर ।

(B) गौण मानस्वर ।

(C) मिश्र स्वर ।

(D) द्विस्वर ।

**5.** तल समूह 'क'-मा दिइएका मान्यता समूह 'ख'-मा दिइएका कुन वादसँग सम्बन्धित छन् ?

| | **समूह -'क'** | | **समूह -'ख'** |
|---|---|---|---|
| (अ) | प्रत्येक घटना कार्यकारणका नियमद्वारा अनुशासित छ । | (i) | अतियथार्थवाद । |
| (आ) | मनुष्य नै प्रकृतिको केन्द्रीय तत्त्व हो । | (ii) | आस्तिक-अस्तित्ववाद । |
| (इ) | सत्य विषयगत होइन, विषयीगत हुन्छ । | (iii) | नियतिवाद । |
| (ई) | सृष्टि व्यवस्थाहीन छ, विशृङ्खलित छ । | (iv) | आदर्शवाद । |

| | (अ) | (आ) | (इ) | (ई) |
|---|---|---|---|---|
| (A) | (iv) | (iii) | (i) | (ii) |
| (B) | (iii) | (iv) | (ii) | (i) |
| (C) | (ii) | (iii) | (iv) | (i) |
| (D) | (iii) | (i) | (iv) | (ii) |

**6.** 'दि मेरी वाइस अव् विन्डसर' – का लेखक को हुन् ?

(A) जर्ज बर्नार्ड सा ।

(B) विलियम सेक्सपियर ।

(C) आन्तोन चेखव ।

(D) हेनरिक इब्सेन ।

7. "नीति र कल्पनाको आदर्शिताले नरँगाई अवस्था चरित्रहरू यथावत् हेर्ने 'मुलुकबाहिर' – को अठोट छ ।" – यो भनाइ कसको हो ?

(A) इन्द्रबहादुर राई ।

(B) कृष्णचन्द्रसिंह प्रधान ।

(C) वासुदेव त्रिपाठी ।

(D) राजनारायण प्रधान ।

8. जगण, रगण, जगण, रगण, जगण अनि अन्त्यमा दीर्घ हुने छन्दको नाम के हो ?

(A) वसन्ततिलका । (B) पृथ्वी ।

(C) स्रग्विणी । (D) पञ्चचामर ।

9. "ह्लासाकी ठिटी आँखाकी छिटी सुनमा कुँदेकी ।
बुल्बुले बोली गालाको बीच गुलाफ फुलेकी ।।"
– यस कवितांशमा कुन अलङ्कार पाइन्छ ?

(A) प्रतिवस्तूपमा ।

(B) अप्रस्तुत प्रशंसा ।

(C) लुप्तोपमा ।

(D) तुल्ययोगिता ।

10. तलका मध्ये कुनचाहिँ कथन साँचो हो ?

(A) 'अमरकोश'-का रचयिता कात्यायन हुन् ।

(B) 'राघवालङ्कार' कुलचन्द्र गौतमको कृति हो ।

(C) 'सौरी' खण्डकाव्यका रचयिता भानुभक्त पोखरेल हुन् ।

(D) रूद्रट 'काव्यालङ्कारसूत्र' नामक ग्रन्थका लेखक हुन् ।

11. वार्णिक संरचना नभएको तर अर्थचाहिँ भएको रूपलाई के भनिन्छ ?

(A) शून्य रूप । (B) रिक्त रूप ।

(C) व्यक्त रूप । (D) संरूप ।

12. "नेपाली जनको सिँगार म गरूँ सिन्दूर मेरो पुछी ।
फुस्केको यस केश साथ शिरमा चिन्ता जुरामा कसी ।।
साँच्चै साँच्न सकूँ मरेर अरूको अव्यर्थ उद्देश्चमा ।
केही साँच्न सकूँ विराट् मनुजको अक्षय्य यै कोशमा ।।" – यस पद्यका रचयिता को हुन् ?

(A) लेखनाथ पौड्याल ।

(B) लक्ष्मीप्रसाद देवकोटा ।

(C) अगमसिंह गिरी ।

(D) माधवप्रसाद घिमिरे ।

13. "स्वर्ग भन्ने उता छैन यतै छ, सब देवता ठूला बडाहरू नै हुन् ..... यही हो मुटु सिद्धान्त" – यस्तो भनाइ कुन कृतिमा पाइन्छ ?

(A) बालकृष्ण समको 'प्रह्लाद' ।

(B) लक्ष्मीप्रसाद देवकोटाको 'सावित्री-सत्यवान' ।

(C) बालकृष्ण समको 'आगोर पानी' ।

(D) लक्ष्मीप्रसाद देवकोटाको 'सुलोचना' ।

14. 'सङ्गीतचन्द्रोदय'-मा पाइने निम्नलिखित ढाँचाको कवितालाई के नाउँ दिइएको छ ?
"मेरो यौवन चुएयो मुनिञाले ।
कसित सुनाऊँ कसित मनूँ म ।।
दुःख दियो पापि शशुराले ।
आफू भने परदेश रमाए ।
रस लिदि हो नि बजिनी सौताले ।।"

(A) 'गजल' ।

(B) 'नज़्म' ।

(C) 'परज' ।

(D) 'वज़्म' ।

15. "पढ्नू कोष र काव्य अर्थसँगको नाना कथाहेरूको ।
अभ्यास् बेश् श्रुतबोध ग्रन्थहारको गर्नुसबै छन्दको ।।"
– यस श्लोकमा उल्लेख गरीएको 'श्रुतबोध' के हो ?

(A) छन्दशास्त्रको ग्रन्थ ।

(B) काव्यालङ्कार विषयक ग्रन्थ ।

(C) व्याकरण-ग्रन्थ ।

(D) शब्दकोश ।

16. "विश्वैरूप् दरशन् दिया पुरुषले गीता पढाई रह्या" – कवि वसन्त शर्माको 'श्रीकृष्णचरित्र' – बाट उद्धृत यस पङ्क्तिमा कसले, कसलाई 'गीता पढाएको' उल्लेख पाइन्छ ?

(A) श्रीकृष्णले अर्जुनलाई ।

(B) द्रोणाचार्यले शिष्यहारलाई ।

(C) श्रीकृष्णले बलरामलाई ।

(D) अर्जुनले बलरामलाई ।

17. "यिनसँग नखराको नक्कली भाव छैन ।
छलकपट सुधाको जिन्दगी नै हुँदैन ।।"
– महाकवि देवकोटाद्वारा रचित प्रस्तुत श्लोकमा 'यिनसँग' भनेर कसतर्फ सङ्केत गरिएको हो ?

(A) 'सुलोचना' महाकाव्यकी सुलोचना ।

(B) 'शाकुन्तल' महाकाव्यकी शकुन्तला ।

(C) 'महाराणा प्रताप' महाकाव्यमा उल्लिखित जनसाधारण ।

(D) 'शाकुन्तल' महाकाव्यमा वर्णित आश्रमवासीहरू ।

18. तलका मध्ये सही कथन कुनचाहिँ हो ?

(A) सहायक क्रियापदको स्वतन्त्र अर्थ हुँदैन ।

(B) वाक्यमा सहायक क्रियापद नामपदका नजिकै रहेका हुन्छन् ।

(C) निपात र निर्धारक पद वाक्यमा एउटै परिवेशमा आउँछन् ।

(D) अशाब्दिक वर्गका शब्दले वाक्यमा उद्देश्यको काम गर्छन् ।

19. धातुमा कुन प्रत्यय लागेर पूर्वकालिक क्रियापद बन्दछ ?

(A) -यो, -ए ।

(B) -ई, -एर ।

(C) -ला, -लान्, -लास्, -लिस् ।

(D) -तो, -दो ।

20. तल समूह 'क'-मा दिइएको कुन पारिभाषिक शब्दले समूह 'ख'-मा दिइएको कुन अवधारणा बुझाउँछ ?

| **समूह -'क'** | **समूह -'ख'** |
|---|---|
| (a) विष्कम्भक | (i) नाटकमा रङ्गशालाको विघ्नशान्तिका निम्ति सुरूमा गरिने मङ्गल गान । |
| (b) चूलिका | (ii) भइसकेको र पछिबाट हुने कथाभाग सूचित गर्न अङ्कको शुरूमा जोडिएको नाट्यांश । |
| (c) नान्दी | (iii) सूत्रधारको कुरा सँगसँगै मञ्चमा पात्रको प्रवेश भएको देखाउने नाट्यविधि । |
| (d) कथोद्घात | (iv) नेपथ्यबाट सूचित नाट्यांश । |

| | (a) | (b) | (c) | (d) |
|---|---|---|---|---|
| (A) | (ii) | (iv) | (i) | (iii) |
| (B) | (iii) | (i) | (iv) | (ii) |
| (C) | (iv) | (iii) | (ii) | (i) |
| (D) | (iii) | (iii) | (iv) | (i) |

21. वास्तविक यथार्थ अवचेतनमै स्थित छ भन्ने मान्यता कुन सम्प्रदायको हो ?

(A) अस्तित्ववाद ।

(B) प्रतीकवाद ।

(C) यथार्थवाद ।

(D) अतियथार्थवाद ।

22. 'दुईवटा मात्र छोरा-छोरीको बाबु हुने, एउटा पुस्तक लेख्ने र एउटा आफ्नो बिल्डिङ बनाउने' रहर कुन कृतिमा कुन पात्रले गरेको छ ?
(A) 'शिरीषको फूल'-को सुयोगवीर ।
(B) 'अनुराधा'-को कोमलमान ।
(C) 'आज रमिता छ'-को जनक ।
(D) 'पर्वालभित्र र बाहिर'-को रमेश अर्थात् रामबहादुर ।

23. तलका भनाइमध्ये कुनचाहिँ साँचो हो ?
(A) आई.ए. रिचर्ड्सको समालोचना सिद्धान्तले ए.सी. ब्राड्लेका सैद्धान्तिक स्थापनाहारको समर्थन गर्द छ ।
(B) रिचर्ड्सअनुसार 'शिवत्व' आचारशास्त्रको विषय हो, साहित्यालोचनसँग यसको सम्बन्ध छैन ।
(C) रिचर्ड्सका विचारमा उत्तम कवितामा अर्थ वा तात्पर्यबिनै पनि शब्दावलीको आफ्नो महिमा रहेको हुन्छ ।
(D) रिचर्ड्सले जर्ज सन्तयानाको आनन्दवादी कलादर्शनलाई पूर्णता दिए ।

24. 'दि डेविल्स डिसाइपल' नाटकका लेखक को हुन् ?
(A) विलियम सेक्सपियर ।
(B) जर्ज बर्नार्ड सा ।
(C) हेनरिक इब्सेन ।
(D) युजिन आयनेस्को ।

25. नोअम चम्स्कीले चर्चा गरेका तीन थरीका व्याकरण-निर्माण प्रक्रिया के-के हुन् ?
(A) अन्वेषण, निर्णय, विवरण ।
(B) अन्वेषण, मूल्याङ्कन, वर्णन ।
(C) निर्णय, विश्लेषण, मूल्याङ्कन ।
(D) अन्वेषण, निर्णय, मूल्याङ्कन ।

26. 'निकट घटक विश्लेषण'-को अवधारणाका प्रतिपादक को हुन् ?
(A) ल्योनार्द ब्लुमफिल्ड ।
(B) फर्दिनान्द दि सस्युर ।
(C) अभ्राम नोअम चम्स्की ।
(D) आन्द्रे मार्तिने ।

27. चारवटा यगण भएमा कुन छन्द हुन्छ ?
(A) पृथ्वी ।
(B) मत्तमयूर ।
(C) भुजङ्गप्रपात ।
(D) रथोद्धता ।

28. नाटक, महाकाव्य आदिमा पाइने धनी तर कन्जुस, धूर्त्त, बोलक्कड र केही मात्रामा कलाको ज्ञाता पात्रलाई के भनिन्छ ?
(A) चेट । (B) विदूषक ।
(C) शठ । (D) विट ।

29. प्रबन्धात्मक संरचना भएका कृतिमा बिचबाट थालिएर बिचैमा अन्त हुने कथावृत्तलाई के भनिन्छ ?
(A) प्रकरी । (B) पताका ।
(C) चूलिका । (D) आख्यायिका ।

30. साहित्यमा प्रकृतिवादका उन्नायक को हुन् ?
(A) गुस्ताव फ्लुबेअर ।
(B) अनरे दि बाल्जाक ।
(C) एमिल जोला ।
(D) भिक्टर ह्युगो ।

31. उपमेयको निषेध गरेर उपमानको आरोप गर्दा कुन अलङ्कार हुन्छ ?
(A) अनन्वय ।
(B) अर्थान्तरन्यास ।
(C) व्यतिरेक ।
(D) अपह्नुति ।

32. दुई पाउ मिलेर बनेको गजलको पहिलो श्लोकलाई के भनिन्छ ?
(A) मतला । (B) मकता ।
(C) रदिफ । (D) काफिया ।

33. मूर्ख मानिससँग दर्शनशास्त्रका कुरा गर्नु र भैँसीका छेउमा गएर सारङ्गी बजाउनु एकै हो । – यस किसिमको उक्तिमा कुन अलङ्कार हुन्छ ?
(A) परिकर । (B) दृष्टान्त ।
(C) तुल्ययोगिता । (D) निदर्शना ।

**34.** नाम, विशेषण, अव्यय आदि मूल शब्दमा -आउ, -याउ, -इ, -जस्ता प्रत्यय लागेर व्युत्पन्न हुने क्रियार्थक रूपलाई के भनिन्छ ?

(A) मौलिक क्रिया ।

(B) संयुक्त क्रिया ।

(C) नाम धातु ।

(D) प्रातिपदिक ।

**35.** सकर्मक क्रियाको कर्म र अकर्मक क्रियाको कर्ता एकै हुने भएमा कुन कारक हुन्छ ?

(A) अपादान ।

(B) ऊर्जावत् ।

(C) करण ।

(D) सम्प्रदान ।

**36.** " 'तरुण तपसी' मलाई नेपाली ग्रेको 'इलिजी' होइन, सायद नेपाली ड्राइडनको एक परिष्कृत दीर्घकाव्य हो ।" – प्रस्तुत भनाइ कसको हो ?

(A) रामकृष्ण शर्मा ।

(B) लक्ष्मीप्रसाद देवकोटा ।

(C) बालकृष्ण सम ।

(D) वासुदेव त्रिपाठी ।

**37.** कोषकाव्यको मूल परिचायक तत्त्व के हो ?

(A) रसको न्यूनता ।

(B) छन्दविहीनता ।

(C) विशृङ्खलितता ।

(D) कथानकविहीनता ।

**38.** "जुवाइँ के भयो तिम्रो महीनाको परिश्रम –
सकेनौ अझ चल्लाको सानो सिउर खुर्कन ?" – समको 'प्रह्लाद'बाट लिइएको यस श्लोकमा 'जुवाइँ' भनेर कसले कसलाई सम्बोधन गरेको हो ?

(A) हिरण्यकशिपुले मर्कलाई ।

(B) रुधाभानुले छोरी सिंहिकाका पतिलाई ।

(C) हिरण्यकशिपुले विप्रचित्तलाई ।

(D) हिरण्यकशिपुले शतबाहुलाई ।

**39.** समका निम्नलिखित नाटकमध्ये कुन कुनचाहिँ संयोगान्त छन् ?

(क) मुकुन्द-इन्दिरा ।

(ख) अन्धवेग ।

(ग) भक्त-भानुभक्त ।

(घ) म ।

(A) क, ग ।  (B) क, घ ।

(C) ख, ग ।  (D) क, ख ।

**40.** "यो नाटक लेख्ता समले असाध्यै फुकी फुकी पाइला सार्नुपरेको थियो ।" – समालोचक ताना सर्माले 'यो नाटक' भनेर समको कुन नाटकको कुरा गरेका हुन् ?

(A) प्रेमपिण्ड ।  (B) ध्रुव ।

(C) मुटुको व्यथा ।  (D) मुकुन्द-इन्दिरा ।

**41.** भुइँ फोरेर उम्रनेलाई 'उद्भिज' वा 'उद्भिद' भनिन्छ भने साल-नालसहित जन्मने प्राणीलाई के भनिन्छ ?

(A) अण्डज ।  (B) वंशज ।

(C) जरायुज ।  (D) स्वेदज ।

**42.** तल समूह 'क' को कुन कृति समूह 'ख'-का कुन लेखकले लेखेका हुन् ?

| | **समूह -'क'** | | **समूह -'ख'** |
|---|---|---|---|
| (a) | रगतको हस्ताक्षर | (i) | प्रवीण राई 'जुमेली' |
| (b) | शिल्पका का पखेटा | (ii) | मत्स्येन्द्र प्रधान |
| (c) | इम्पास्टो अक्षर | (iii) | भीम दाहाल |
| (d) | आरोहण | (iv) | सुधीर छेत्री |

| | (a) | (b) | (c) | (d) |
|---|---|---|---|---|
| (A) | (iv) | (i) | (ii) | (iii) |
| (B) | (iii) | (iv) | (ii) | (i) |
| (C) | (ii) | (iii) | (iv) | (i) |
| (D) | (iii) | (iv) | (i) | (ii) |

**43.** न ज ज र गण भएको कुन छन्द हो ?

(A) मन्दाकिनी ।

(B) दोधक ।

(C) मालती ।

(D) पञ्चचामर ।

**44.** वक्र > बाङ्गो, अक्षी > आँखा, पक्ष > प्वाँख – यसरी तत्समबाट तद्भव बन्ने प्रक्रियामा यहाँ देखिने परिवर्तनको साझा लक्षण के हो ?

(A) स्वरसङ्गति ।

(B) घोषीभवन ।

(C) स्वत:अनुनासिकीभवन ।

(D) अघोषीभवन ।

**45.** अन्त्यअनुसार नेपाली क्रियार्थक संज्ञाका चार भेद देखाइएका छन् / ती कुन-कुन हुन् ?

(A) नुकारान्त, नकारान्त, नाकारान्त, नेकारान्त ।

(B) हलन्त, अजन्त, अन्त:स्थ, संयुक्त ।

(C) उकारान्त, अकारान्त, इकारान्त, एकारान्त ।

(D) धातुमूलक, प्रातिपदिकमूलक, नामधातुआश्रित, अव्ययमूलक ।

**46.** "चिन्तनबिनाको साहित्यिक प्रयासलाई रहर र स्वाङ मात्र" ठान्ने लेखक को हुन् ?

(A) शङ्कर लामिछाने ।

(B) बालकृष्ण सम ।

(C) कृष्णचन्द्रसिंह प्रधान ।

(D) इन्द्रबहादुर राई ।

**47.** काठमाडौंली बोलीमा चलेका 'केराउ' र 'भन्टा' अनि भारतेली नेपालीमा चलेका 'मटर' र 'बैगुन' जस्ता शब्दहरू माझ पाइने समानतालाई के भनिन्छ ?

(A) अन्तरभाषिक समानार्थकता ।

(B) शैलीगत समानार्थकता ।

(C) भाषिकागत समानार्थकता ।

(D) वर्णनात्मक समानार्थकता ।

**48.** 'प्रत्येक', 'अत्यन्त' र 'स्वागत' शब्दमा कुन सन्धि पाइन्छ ?

(A) अयादि ।

(B) यण् ।

(C) गुण ।

(D) वृद्धि ।

**49.** "तिम्रा विधान सब फालिदेऊ
बोकाहरुले पेट भरून;
तिम्रा विश्वास श्वासले उडाऊ ।"
– यस कवितांशका रचयिता को हुन् ?

(A) अगमसिंह गिरी ।

(B) बालकृष्ण सम ।

(C) वैरागी काइँला ।

(D) लक्ष्मीप्रसाद देवकोटा ।

**50.** तलका मध्ये कुनचाहिँ कथन साँचो हो ?

(A) परस्थानिक पदलाई नामयोगी पनि भनिन्छ ।

(B) परस्थानिक पद वाक्यमा नामपदबन्ध भन्दा पहिल्यै आउँछन् ?

(C) परस्थानिकहरु अशाब्दिक वर्गका पद हुन् ।

(D) परस्थानिक पदले वाक्यमा नामपदका आधार, लक्ष्य, स्रोत, कारण, साधन आदि बुझाउँछ ।

**Space For Rough Work**